नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७४।०७५
च.नं. :- ६४४

अत्यन्त जरुरी

मिति २०७४-०५-०२

श्रीमान् सचिवज्यू,
श्री गृह मन्त्रालय, सिंहदरवार
श्री आपुर्ति मन्त्रालय, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।
श्री खानेपानी तथा सरसफाइ मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य मन्त्रालय, सिंहदरवार ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरवार ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।
श्री पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त विषयमा नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०७४।०५।०१ गते बसेको बैठकमा राहत, उध्दार तथा विपद व्यवस्थापनलाइ व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा गरिएका निर्णयहरु यसै पत्रसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(मोहन चन्द्र जोशी)
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## निर्णयहरू

१. विपद् व्यवस्थापनमा वैदेशिक सहयोग दिन चाहेमा स्वीकार गर्न सक्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय परराष्ट्र मन्त्रालयले कुटनीतिक नियोग तथा सम्बद्ध सबैलाई स्पष्ट पार्ने । नगद सहयोग गर्न चाहने विदेशस्थित व्यक्ति वा संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा रहेको Standard Chartered बैंकको खाता नम्बर ०००१०१३२४३८०१ (SWIFT Code: SCBLNPKA) मा जम्मा गर्न सक्नेछन्। तत्कालका लागि १५ सेप्टेम्बर २०१७ सम्म चलान (Delivery) हुने वस्तुगत सहयोग लिने व्यवस्था मिलाउने र यस्तो सहयोग गृह मन्त्रालयले तोकेको स्थानमा हस्तान्तरण गर्ने।

२. वस्तुगत सहयोग दिन चाहने व्यक्ति वा संस्थाले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले तोकेको प्राथमिकता र क्षेत्रमा सम्बन्धित स्थानीय तहले राहत वितरण गर्न सक्ने । राहत उपलब्ध गराउने व्यक्ति वा संघ-संस्थाले सो क्रममा सहभागि हुन चाहेमा सहभागी गराइने ।

३. विषयगत मन्त्रालयहरूबाट खोजी, उद्धार, राहत तथा पुर्नस्थापनाका सम्बन्धका भए/गरेका कार्य प्रगतिको दैनिक विवरण गृह मन्त्रालयको केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने ।

४. प्रभावित क्षेत्रका सडक, बत्ति, बिजुली, सञ्चार, स्वच्छ खानेपानी लगायतका सेवा सुविधाहरू तत्काल सुचारू गर्न विषयगत मन्त्रालयहरूले उच्च प्राथमिकताका साथ कार्य गर्ने ।

५. विषयगत मन्त्रालयहरूले आ-आफ्नो संयन्त्र परिचालन गरी विपद्बाट भएको सार्वजनिक सम्पत्तिको क्षति वा नोक्सानी विवरण लिई केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने । त्यस्तो विवरण लिंदा स्थानीय तहको सहयोग लिने । व्यक्तिगत सम्पत्तिको क्षति वा नोक्सानीको हकमा जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय तहसँग समन्वय गरी गृह मन्त्रालयबाट तोकिएको ढाँचा वमोजिम संकलन गर्ने र सोको विवरण १० दिनभित्र केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा उपलब्ध गराउने।

६. विपद् प्रभावित क्षेत्रमा प्रकोप/महामारी फैलिन नदिन मरेका जीवजन्तु, पशुपंक्षी लगायतको व्यवस्थापन गृह मन्त्रालय, स्वाथ्य मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहसँग सहयोग लिई तत्काल गर्ने र सोको प्रगती विवरण केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाउने ।

मुख्य सचिव